हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७,
९८५२८२४९६७, ९८५२८३५३१५,
९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : ३४ पृष्ठ : ४ २०७७ भदौ २ गते मंगलबार (Tuesday 18 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## ‘हामीलाई बदनाम गर्न खोजियो’



**लहान।** सखुवानन्कारकट्टी गाउँपालिका-४ का जगन्नाथ झाले आफूहरूलाई झुठा आरोपहरु लगाएर बदनाम गर्न खोजिएको झाबाट पीडित सगेन चौधरी र अनिल चौधरीले बताएका छन् । गोदाम भाडामा लिएर व्यवसाय सञ्चालन गरी भाडा माग्दा उल्टै आफूहरुमाथि झाले अनेक किसिमको जालझेल आफूहरुमाथि गरीरहेको उनीहरूले सोमबार पत्रकार सम्मेलन गरी जानकारी गराए ।

अनलाईन मिडियामा झाले झुठो बोलेर समाचार लेखाएको र आफूहरूलाई बदनाम गर्न खोजिएको उनीहरूले जानकारी गराए । सहीसत्य बुझेर समाचार प्रकाशन/प्रशारण गरिदिन उनीहरूले संचारकर्मीहरूसँग आग्रह गरेका छन् ।

‘लहान नगरपालिका-१ की दिदी कन्चन चौधरीको स्वामित्वमा रहेको गोदाममा झाले ३/४ वटा गाडी राखी व्यवसायिक प्रयोजनको लागि भाडामा लिई व्यापार सञ्चालन गरेको थियो । केही समयपछि उनले व्यापार बन्द गर्‍यो,’ पत्रकार सम्मेलनमा सगेन चौधरीले भने,‘व्यापार बन्द गरेरपनि एउटा बा १ ख ८२७४ नम्बरको ट्रक लगेनन् । जग्गामा निर्माण कार्य सुरू भइरहेको हुँदा ट्रकले समस्या भइरहेको थियो । आफ्नो बाँकी भाडा तिरेर गाडी लैजान झालाई बारम्बार ताकेता गर्दापनि आउन मानेका थिएनन् ।’

बारम्बारको ताकेतापछि पनि झाले ट्रक लिन नआएपछि सगेनको दीदी कंचन चौधरीले इलाका प्रहरी कार्यालय लहानमा असार २६ गते ठाडो उजुरी दिइन् । त्यति गर्दापनि झा आउन नमानेपछि असार ३१ आवश्यक कारवाहीको लागि जाहेरी दर्ता गराइएको कंचनले बताइन ।

प्रहरीमा जाहेरी परेपछि झा सम्पर्कमा आएर व्यवहार मिलाउन सहमति गरेको सगेनले बताए । ‘व्यवहार मिलाउँछौं भनेपछि हामी इलाका प्रहरी कार्यालयको बाहिर लेखनदासको कार्यालयमा २५ हजार रूपैयाँ भाडाको वापतको तिर्नेगरी सहमति साउन १५ गते भयो,’ सगेनले भने, ‘जगन्नाथ झा मिल परिसरमा गएर २० हजार रूपैयाँको चेक साउन १६ गते दियो र आफ्नो ट्रक सोहीदिन लगेको थियो ।’ ट्रक गोदामको परिसरभित्रबाट लगेको भिडियो र सिसिटिभी फुटेज रहेको उनले बताए ।

साउन १८ गते पैसा झिक्न बैंकमा जाँदा खातामा रूपैयाँ नहुँदा चेक पनि बाउन्स भएको छ । झाले साउन १५ गते गरेको सहमति कागजमा ०७४ चैत १० गतेदेखि कन्चनको हनुमान राइस मिलको कम्पाउण्डमा वर्षौंदेखि छोडेको उक्त माल बाहक ट्रकको भाडा वापतको २५ हजार तिरेर ट्रक बुझिलिएको उल्लेख छ । सहमतिपछि कानुनी कारवाही वा उजुरी नगर्ने जनाइएको छ ।

त्यसपछि भाडा वापतको रूपैयाँ तिराउन जगन्नाथले आफुलाई प्रहरीले दबाब दिएको आरोप लगाउँदै सर्वोच्चमा निवेदन पत्र दायर गरेका

बाँकी ४ पेजमा

## सयौं जना कांग्रेसमा प्रवेश, नेविसंघको वडा समिति गठन





**लहान ।** लहान नगरपालिका २२ मा सोमबार विभिन्न पार्टी परित्याग गरी नेपाली कांग्रेसमा सय भन्दा व्यक्तिहरु प्रवेश गरेका छन् । नवप्रवेशीलाई कार्यक्रम गरी स्वागत गरिएको लहान नगरसभापति सुनिलकुमार महतोले जानकारी गराए । उनका अनुसार ११ सदस्यीय नेविसंघको वडा समिति पनि गठन गरिएको छ । जसमा

बाँकी ४ पेजमा

*कोरोना संक्रमण*

## प्रदेश २ मा ७ हजार नाघ्यो

**जनकपुरधाम ।** प्रदेश २ मा कोरोना संक्रमितको संख्या ७ हजार नाघेको छ । प्रदेशमा पछिल्लो २४ घण्टामा २११ जना कोरोना संक्रमित थपिएसँगै संक्रमितको संख्या ७ हजार १ सय ७६ पुगेका हो ।

पछिल्लो २४ घण्टामा सबैभन्दा बढी बारा जिल्लाका १ सय ६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । पर्साका २७, रौतहटका १९, धनुषामा १७, सर्लाहीका १८, महोत्तरीका १४, सप्तरीका ६ र सिरहाका ४ जनामा कोरोना संक्रमण पुष्टि भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा प्रदेशमा २ जना कोरोना

बाँकी ४ पेजमा

## एसईईको नतिजा सार्वजनिक

**काठमाडौं ।** राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजा सार्वजनिक गरेको छ । बोर्डको सोमबार बसेको बैठकले नतिजा सार्वजनिक गर्ने निर्णय गरेको हो । कोभिड १९ का कारण परीक्षा नहुने भएपछि विद्यालयले गरेको आन्तरिक मूल्यांकनको आधारमा नतिजा सार्वजनिक गरिएको हो ।

बोर्ड बैठकले विद्यालयहरूले पठाएको नतिजाको मूल्यांकनको प्रमाणिकरण गरेपछि नतिजा सार्वजनिक गरेको हो । गत ६ चैतका लागि निर्धारित एसईई कोभिड-१९ का कारण स्थगित भएको थियो । विद्यालयहरूले विद्यार्थीको मूल्यांकन गरेर जिल्ला समन्वय ईकाई मार्फत बोर्डमा पठाएका थिए ।

## जग्गा पास-नामसारी अब स्थानीय तहबाटै

**काठमाडौं ।** जग्गा किनबेच सम्बन्धी काम गर्ने अधिकार स्थानीय तहलाई दिने प्रकृया शुरू भएको छ ।

जग्गा नामसारी, लिखत पारित, लालपुर्जा वितरण लगायतका काम स्थानीय तहबाटै हुने व्यवस्था गर्न भूमि व्यवस्थापन तथा अभिलेख विभागले काम शुरू गरेको छ । यतिमात्रै होइन जग्गा रोक्का र फुकुवाको काम इमेलबाट समेत हुने छ । विभागका महानिर्देशक शेष नारायण पौडेलका अनुसार

बाँकी ४ पेजमा

**मुलुकी संहिताको दोस्रो वर्ष र यसको प्रभावकारिता**

स्तम्भ : पालिका बहस
पेज ४ मा

**सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!**

हिमालय सुगर मिल्सको ई. डी. सरेश सर्राफ, महाप्रबन्धक टे. सत्य नारायण कुशवाहा तथा महाप्रबन्धक उखु प्रशासन अवध किशोर यादव साथमा उखु विभागका जिल्लाभरीको फिल्ड स्टाफ जे.टि.ए.उखु विकास अधिकृतहरूको उपस्थितिमा भदौ, असोज र कार्तिकमा उखु खेतीबारे छलफल तथा यस वर्षको लागि उखु रोपाइँको सिजन गर्नुपर्ने भएकोले आ-आफ्नो खेतीयोग्य जग्गालाई राष्ट्र तथा आफ्नो विकासमा लगाई सुवर्ण अवसरलाई सदुपयोग गर्नु हुनका लागि सम्पूर्ण कृषक महानुभावहरूमा अनुरोध छ ।

**हार्दिक शुभकामना**

सिरहाको लहानबाट “**लहान पोस्ट**” राष्ट्रिय दैनिक पत्रिका र ‘www.lahanpost.com’ प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।



**अच्छमित लाल चौधरी**
क्षेत्रीय सभापति
नेपाली कांग्रेस सिरहा क्षेत्र नं. १

# सम्पादकीय

## नयाँ कानुन कार्यान्वयनको दुइ वर्ष

मुलुकी ऐनलाई प्रतिस्थापन गरी २०७५ भदौं १ गतेदेखि नेपालमा नयाँ मुलुकी संहिता जारी भएको थियो । यो नयाँ कानुन जारी भएको दुइ वर्ष पुगेको छ । जंगबहादुरले पहिलो पटक १९१० मा लीपिवद्ध कानुन जारी गरे जसलाई मुलुकी ऐन भनिन्छ । राणा शासनताकाका प्रचलित धर्म, परम्परा, प्रथा, प्रचलन र रीतिथितिलाई आधार बनाएर निर्माण गरिएको मुलुकी ऐन १६५ वर्षसम्म कायम रह्यो । यो ऐन २०२० सालमा 'मुलुकी ऐन २०२०' को रूपमा संशोधन भयो ।

अदालती कार्यविधिदेखि प्रहरीले अपनाउनुपर्ने अनुसन्धान पद्धति र दण्ड सजाय समेतको व्यवस्था भएको मुलुकी ऐन राज्यको संविधानपछिको मूल कानुनको रूपमा स्थापित हुँदै गयो । तर त्यो अहिलेको बद्लिदो युगमा अपूर्ण मानिन थालियो । फलस्वरूप कैयौं थप कानुनहरू निर्माण हुँदै गए । अहिलेको अवस्थामा फौजदारी कसूर र देवानी कानुन हेर्ने छुट्टाछुट्टै कानून र त्यसलाई कार्यान्वयनमा ल्याउने कार्यविधि कानुनको आवश्यकता समेत महसुस गर्न थालियो । फलस्वरूप यही आवश्यकतालाई बोध गर्दै विधायकले मुलुकी ऐनलाई प्रतिस्थापन गरी नयाँ मुलुकी संहिता जारी गऱ्यो ।

प्रमाणिकरण भएको संहितामा मुख्य रूपमा पाँच वटा कानुनहरू छन् । मुलुकी संहिता कार्यान्वयन भएको पनि पनि दुई वर्ष नाघिसक्यो । यस अवसरमा न्यायमूर्तिदेखि कानुन व्यवसायी समेतले एकअर्कालाई शुभकामना व्यक्त समेत आदानप्रदान गरिसकेका छन् । यी संहिताहरूमध्ये मुलुकी देवानी संहिता नेपालको अहिलेसम्मकै सबैभन्दा लामो कानुनी किताबको रूपमा रहेको छ । मुलुकी देवानी र फौजदारी कानुन निर्माण गर्दा ६० प्रतिशत मुलुकी ऐन, २० प्रतिशत अदालतले प्रतिपादन गरेका नजिर र २० प्रतिशत अन्तर्राष्ट्रिय कानुनलाई आधार बनाइएको छ ।

देवानी कानुनमा व्यक्तिलाई प्राकृतिक र कानुनी व्यक्तिको दर्जा दिइएको छ । यसमा पारिवारिक, सम्पत्ति, करार र निजी अन्तर्राष्ट्रिय कानुनबारे छुट्टाछुट्टै व्यवस्थाहरू रहेका छन् । साविकको मुलुकी ऐनका केही व्यवस्थाहरू परम्परागत थिए । अहिलेको देवानी संहिता नेपाली समाजको विकाससँगै आधुनिक रूपमा आएको छ ।

मुलुकी ऐन ज्यादा जसोरूपमा हिन्दु धर्ममा आधारित थियो भने अहिलेको मुलुकी संहिता अन्तर्राष्ट्रिय कानुन, सन्धि/सम्झौता, सर्वोच्च अदालतको नजिरलाई आधार बनाएर निर्माण गरिएको छ । न्यायमूर्तिको संयोजकत्वमा निर्माण भएकोले यसलाई ञ्गमनभ ञ्बमभ बिध भन्ने गरिन्छ । कार्यान्वयनको दुइ वर्ष पुगेको अवसरमा शुभकामना ।


### औरही गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
औरही, सिरहा

**विज्ञापन स्थगन सम्बन्धी**

## अत्यन्त जरुरी सूचना

कोरोना भाईरस रोग **(COVID -19)** का कारणबाट सिर्जना भएको स्वास्थ्य–सुरक्षा संवेदशीलतालाई दृष्टिगत गर्दै लकडाउनको कारणले गर्दा मिति २०७७ श्रावण ३२ गते प्रकाशन गरीएको प्राविधिक सहायक र सूचना प्राविधिक अधिकृत पदको विज्ञापन अर्को सूचना प्रकाशन नभए सम्मका लागि स्थगन गरिएको व्यहोरा सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**


# सिरहा जिल्लाको पुरातात्विक स्थल बनौली

**हिरा लाल कर्ण**

सिरहा जिल्लामा रहेका अनेक पुरातात्विक स्थलहरु मध्ये बनौली सर्वाधिक चर्चित रहेको छ । कुनै बेला सप्तरी जनपद रल राजा गिडी नारायण पुरादित्यको राजधानी रहेको बनौली अहिले आफ्नो पुरानो स्वरूप र गरीमा गुमाएर चिन्न समेत गाऱ्हो भैसकेको छ । जसको परिमाण स्वरूप महोत्तरी जिल्ला र सप्तरी जिल्लाको बनौलीहरुले आफुलाई महाकवि विद्यापतिको प्रवास स्थल बनाउन खोजेको छ । अतः यस सानो लेखबाट यी बनौलीहरुमाझ उत्पन्न विवादको सन्दर्भमा सिरहा जिल्लाको बनौलीको पुरातात्विक आधारहरु माथि प्रकाश पार्ने प्रयास गरेको छु ।

**भौगोलिक अवस्थिति**

तत्कालीन पुर्वाञ्चल विकास क्षेत्र (हाल प्रदेश २) को १६ वटा जिल्लाहरु मध्ये एक हो सिरहा । ३८.४ कि.मी. औसत लम्बाई २८.८ कि.मी चौडाई रहेको यस जिल्लाको कुल क्षेत्रफल १,१८८ वर्ग किलोमिटर रहेको छ । लहान नगरपालिका बाट ६/७ कि.मी. पश्चिममा साविक भवानीपुर( प्र.ध.) गा.वि.स. को वडा नं. ६ भित्र रहेको छ राजगढ बनौलीको भग्नावशेष राजगढी ठाकुर गढी । जसलाई नेपालका वरिष्ठ पुरातत्वविद तारानन्द मिश्र लगायत डा. विणा पौडयाल, डा. मदन रिमाल, डा. गिनु गिरी, लगायतका पुरातत्वविदहरुको समूहले ने.रा.प्र.प.को संयोजकत्वमा वि.सं.२०५९/१२/२२ गते निरीक्षण गर्नु भयो । वरिष्ठ दरबार रहेको, ईटको पर्खाल मुनि चारैतर्फ डीफेन्स सिस्टम भएको खावा रहेको विचार व्यक्त गर्नुभयो । राजा गढी र बमभोला पोखरीको बीच यत्रतत्र पाइने मध्यकालीन भाडाका टुक्राहरु देखेर मीश्रले मध्यकालमा यहाँ घना मानव बस्ती भएको दाबा गर्नुभएको थियो ।

**ऐतिहासिक आधार**

नारायणी पूर्व र कोशी पश्चिमको नेपालको सम्पूर्ण पूर्वि तराईका साथसाथै यसबीचको गंगा उत्तरको विहारको समथर भू–भाग नदिनालाले थुपारेको पाँगो माटोबाट निर्मित भएकोले यस क्षेत्रमा परापूर्वकालदेखी नै मानव बसोबास रही आएको छ । मिथिला, विदेश र तिरहुत–तीरभुवित आदी नाउँबाट प्रसिद्ध यस क्षेत्रको आफ्नै रितिरिवाज, चालचलन, परम्परा, संस्कृति रहेको छ । लगभग ८००७०० ई.पू. को शतपथ ब्राम्हण पुरोहित गौतम राहुवण र अग्निवैश्वानरलाई साथ लिएर अनार्यहरूलाई पराजित गरि गण्डक (सदानीरा माही) पूर्व प्रदेशमा आर्यहरूलाई स्थापित गर्न सफल भए ।[१] हिन्दु र बौद्ध दुवै ग्रन्थ अनुसार विदेहका आदि राजा मखादेव अथवा माथव थिए । महाजनक जातक सुरूचि जातका, महाभारत, रामायण, निजी जातक, आदि हिन्दु तथा बौद्ध ग्रन्थहरूमा औपनिषद जनक, निमिजनक, र विदेशराज सुरूचिबारे उल्लेख पाईन्छ । यस वंशका सबभन्दा प्रतापी र विद्वान राजा शीरध्वज जनक थिए । सीता उनको छोरी थिइन् । यस वंशका अन्य प्रतापी राजाहरूमा निमी, विदेह, मखादेव र माथिन थिए ।

यस वंशका अन्तिम राजाको बारेमा अखघोष लेख्दछन् कि राजा कटाल जनकले एउटी ब्राम्हण कन्याको अपहरण गरेको हुँदा उनको राज्यको अन्त भयो । तर कौटिल्यको अर्थशास्त्र र विष्णुपुराणमा चाहि अन्तिम राजाको ठाउँ कृति दिइएको छ । पुराणबाट उद्धत महापदमानन्दको शासनकाल ( ९५०३८२ ई.पू.)सम्म जम्मा २८ वा जनक वंशी राजाहरूले राज्य गरेका थिए । (बुद्धकाल ९८६०–४०० ई.पूर्व) मा मिथिला–विदेह राज्य वृज्जिसंघ माथि विजयका साथ लगभग ५६२ ई.पू.तीर विदेश पनि मगधराज्यको एउटा प्रान्त बन्न पुग्यो [४] । लगभग यसै कालका भएको भनी नेपालका पुरातत्वविद डा. मदन रिमाल र डा. गितु गिरिले ठान्नु भएका भाँडाका टुक्राहरु यसै जिल्लाको उत्तरी भागको खप्टा डाँडामा भेटिएका हून । यसबाट के प्रमाणित हुन्छ भने बुद्धकालमा पनि यस क्षेत्रको मानव बस्ती विकसित भैसकेको थियो ।

अशोक काल (३०० ई.पूर्व) शुङ्काल (२००–१००ई.पूर्व) तथा कुढाँण कालमा विदेश एउटा प्रान्त थियो । यस जिल्लाको लक्ष्मीपुर पतारी अन्तर्गत कटनियाँ नदीमा भेटिएको माताका भाँडाकुँडाका टुक्राहरूलाई वरिष्ठ पुरातत्वविद तारानन्द मिश्र, डा. विणा पौड्याल, डा.मदन रिमालले यसै कुषणकालका उयततभचथ भनेका छन् । यसप्रकार कुषाण कालमा सिरहा जिल्लाको क्षेत्र मानव आवादिले भरिपूर्ण देखिन्छ ।

सातौं शताब्दी इ. सन्मा यो प्रदेश मगधराज आदि सेन अन्तर्गत थियो भन्ने जयदेव द्वितीयको इ.स. ७३१ को अभिलेखबाट थाहा पाइन्छ भनी तारानन्द मिश्रले उल्लेख गरेका छन् । त्यसपछि बङ्गालका पाल राजाहरू–धर्मपाल, देवपाल र विग्रहपाल तृतीयले मिथिलामाथि शासन गरेका थिए । भनि तारानन्द मिश्रले उल्लेख गर्दै मुंगेरबाट प्राप्त ताम्रपत्र नारायण पालका 'कक्षविषय' भागलपुर ( क्षेत्र नवौ श.ई. तथा विग्रहपालका 'तीरमुक्ति होद्रेविषय उल्लेख भएको ताम्रपत्र बन गाउँबाट पाइएको कुरालाई प्रमाणको रूपमा प्रस्तुत गरेका छन् ।

यसप्रकार ई.पू. ३८२ देखि ई.स. १०९६ सम्म यो क्षेत्र कहिले बृज्जिसङ्घ कहिले मगध त कहिले बंगालका पालवंशका शासक अन्तर्गत रहदै आएको थियो । नवौं दशौं शताब्दी ई.स. तीर डेक्सनका दक्षीण भारतिय राजवंशहरूका सम्पूर्ण भारतका साथै मिथिलामा पनि आक्रमण हुन थाल्यो । चालुक्यराज सोमेश्वर (१०४०–१०६८ ई.) र विक्रमादित्य छैठौं (१०७६–११२३ ई.) का साथै कल्युरी वंशका यशकर्णले समेत विहार, मिथिला र चम्पारण माथि विजय गरेको विवरण पाईन्छ ।

त्यसपछि कर्णात क्षेत्रका सामन्त सेनापति नान्यदेवले ई.सं. १०९६–९७ तिर मिथिला राज्यको संगठन गरी विहारको मोतिहार नजिक नान्यपुरीमा नगरको निमार्ण गरी राजधानी बनाई बसेका थिए ।[६]

यसपछि सन् १०९७ तिर सिम्रौनगढमा नयाँ गढ निर्माण गरी नान्यपुरीबाट सिम्रौन गढमा सरेका थिए । [७] मिथिलाको इतिहासमा लगभग २५० वर्ष सम्मको कर्णाट वंशको शासनकाललाई स्वर्णयुगको रूपमा चिनिन्छ । राजा नान्यदेव देखी हरिसिंह देवसम्म सात पुस्ता सम्मका राजाहरूको शासनको कालमा शासनमा स्थिरता विद्या र कला स्मृति, आर्थिक, सांस्कृतिक उन्नति भएकोले यसबेला यो क्षेत्र एक सशक्त समूह राज्यको रूपमा देखिन्छ । यी कर्णाट वंशी राजाहरुको पटक–पटक काठमाडौं उपत्यकामा आक्रमण गरेकोले विदेशी आक्रमणकारीको रूपमा पश्चिम खसलाई खसिया भने झै कर्णाटकीहरूलाई होच्याएर डोच वा डो भन्ने गरिएको पाईन्छ । जसलाई ज्योतिसँगै तल्लो जातिका ( तेली, ताँती, धानुक, धुनियाँ, धलिकार, डोम, चमार, गोआर र नगर प्रवृति मन्दजातीय थिए भनि लेखेका छन् ।)

यस प्रकारका नेपाल प्रसिद्ध गोपाल राजा वंशावलिमा डोमराज्य भनी होच्याए पनि यसको स्मृतिलाई कसैले छोप्न सक्दैन । यस कालमा यो भू–भाग यही कर्णाट राज्य भित्र थियो भन्ने प्रमाणको रूपमा शक्ति सिंहदेवद्वारा निर्मित सहारीको सखडा भगवती, विहारको अन्धरा, ठाढी अभिलेख र सिरहा जिल्लाकै लक्ष्मीपुर पताइरको हरिसिंहदेव मन्दिरलाई लिन सकिन्छ ।

इ.सं. १३२६ मा राजा हरिसिंहदेवको शासनकालमा दिल्लीका तुगलकवंशी सुल्तान गयासुद्धिन तुगलकले बंगालको आक्रमण गरी फर्कन लाग्दा

_________बाँकी ३ पेजमा


## कोरोना भाइरस रोग (कोभिड–१९)

- घरहरुको बाहिरबाट हावा छिर्न नसक्ने गरी पराल, छ्वाली, ढोका वा यस्तै प्रकारको सामग्रीहरुको प्रयोगबाट घेरा बेरा गर्ने वा गर्न लगाउने ।
- घर बाहिर खुल्ला स्थानमा धेरै समय नबस्ने वा बस्न नलगाउने ।
- पानी तताएर सुद्धिकरण गरी पिउने र अरुलाई पनि पिउन सुझाव दिऔं ।
- बालबालिका, सुत्केरी तथा गर्भवति महिला, अपाङ्गता भएकाहरु, बृद्ध–बृद्धा तथा विरामीहरुको विषेश ख्याल गरौं ।
- बाँझो जग्गामा बोटविरुवा रोपौं ।
- घर आंगन सफा राखौं र सफा राख्न अरुलाई सल्लाह दिऔं ।
- बालविवाह रोकौं छोरीको भविष्य आजै देखि उज्जवल बनाउन सोचौं ।
- आर्थिक कार्यमा महिला सहभागीता बढाऔं ।

**दलित जनकल्याण युवा क्लब लहान–१४ द्वारा जनहितमा जारी**

**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर | लहानपोस्ट LAHANPOST DAILY | राष्ट्रिय दैनिक

# विमलेन्द्र निधिलाई सभापति बनाउने देउवाको आश्वासन !

**काठमाडौं ।** नेपाली कांग्रेस उपसभापति विमलेन्द्र निधिलाई हालका सभापति शेरबहादुर देउवाले नै उत्तराधिकारी बनाउने आश्वासन दिएको नेताहरूले बताएका छन् । निधि १४ औं महाधिवेशनबाट पार्टी सभापति बन्ने चुनावी दौडमा छन् ।

निधिले पार्टी नेतृत्व लिनका लागि देउवाको निकटता लगभग तोडिसकेका छन् । यसअघि नै निधिले सभापति देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलसँग आफू सभापति उठ्न लागेकाले सहयोग गर्न भनेका थिए । तर, देउवाले १५ औं महाधिवेशनमा सभापति बनाउने आश्वासन दिएका छन् । देउवाले यस्तै आश्वासन १३ औं महाधिवेशनमा पनि दिएको निधिनिकट नेताहरु बताउँछन् ।

१३ औं महाधिवेशनमा देउवालाई सभापति बनाउन निधिले नै महत्वपूर्ण भूमिका लेखेको देउवानिकट एक नेताले बताए । 'विमलेन्द्रले १३ औं महाधिवेशनमा कुनै पनि शर्त नराखी देउवालाई सभापति बन्न सघाएका हुन्,' स्रोतले भन्यो, 'त्यतिबेला देउवा सभापति हुने सम्भावना नै थिएन,' ती नेताले भने, 'निधिले अर्जुननरसिंह केसीहरूलाई देउवा गुटमा नल्याएको भए, उताका गुटका भनेर चिनिएका, तर भोट देउवालाई हाल्ने वातावरण नबनाएको भए कसरी सभापति हुन्थे ?'

देउवाले चुनाव जित्न निधिको योजना सुनिसकेपछि १४औँ महाधिवेशनमा सभापति बनाउने वचन दिएका थिए । 'निधिले आ ँनो योजना देउवालाई सुनाए, सोही योजनाअनुसार अर्जुननरसिंह केसीलाई आ ँनो गुटमा ल्याएपछि १४ औँ महाधिवेशनमा हाम्रो समूहबाट सभापतिको उम्मेदवार तपाइँ नै हो भनी देउवाले आश्वासन दिएका थिए,' देउवाले भनेको स्मरण गर्दै तीन नेताले भने ।

## निधि कसरी अघि बढे ?

**कसरी अघि बढे निधि ?** निधि उमेरको हिसाबले ६५ वर्ष भए । आफूभन्दा धेरै कान्छा उमेरका नेताहरूले नेतृत्व दाबी गर्न थालेपछि उनी यसपाली देउवाको सामू बोल्न बाध्य भएको निधिनिकटकका नेताहरु दावी गर्छन् ।

'विमलेन्द्र दाइ सभापतिज्युको कति विश्वास पात्र हो भन्ने कुरा त विगतका सहकार्यले देखिएको छ,' विमलेन्द्र निकट एक नेता भन्छन्, 'बाँचुन्जेल म आफैँ चलाउँछु, तिमीहरु त मैले भनेको मान्ने मात्रै होभन्ने खालको प्रवृत्ति देउवामा देखिएपछि यसपाली विमलेन्द्र दाइले सभापतिको उम्मेदवार बन्ने तयारी गर्नु भएको हो । यसपाली उहाँ पछि



हट्नुहुन्न ।' साउनको २७ गते आफू निकटका नेताहरूसँगको छलफलमा पनि निधिले आफू कुनै पनि हालत सभापतिको उम्मेदवार हुने र ब्याक नहुने प्रतिवद्धता बताइसकेका छन् । तयारीका लागि गत बिहीबार सभापति देउवालाई भेटेरै उनले आफू सभापतिमा उठ्न लागेको जानकारी गराएका छन्। संस्थापन इतरका नेतासँग पनि भेटघाट बाक्लो बनाएका छन् ।

**को हुन् निधि ?**

कांग्रेस संस्थापकमध्येका एक नेता महेन्द्रनारायण निधिका छोरा हुन् विमलेन्द्र । उनी कांग्रेसनिकट विद्यार्थी संगठन नेविसंघको संस्थापक सदस्य भएर कांग्रेसको



राजनीतिमा उदाएका थिए । त्यसो त कांग्रेसका महामन्त्री शशांक कोइराला र पूर्व महामन्त्री प्रकाशमान सिंहलाई जस्तो बाबुको नामबाट कांग्रेसमा पहुँच बढाएको भन्ने आरोप विमलेन्द्रलाई लागेको छैन । निधिले एसएलसी नै जेलबाट दिएका हुन् । २०३६ सालदेखि नै निधि कांग्रेसको केन्द्रीय राजनीति वरपर नै थिए। कांग्रेसका संस्थापक वीपी कोइरालाकै प्रस्तावमा उनी २३ वर्षकै उमेरमा नेविसंघको अध्यक्ष निर्वाचित भएका थिए । त्यसअघि आठ वर्ष (२०२८-२०३६) सम्म नेविसंघमा शेरबहादुर देउवा अध्यक्ष थिए ।

इलामका बेनुपराज प्रसाईंलाई हराउँदै निधि अध्यक्ष बनेका थिए । त्यसबेला कांग्रेसका शीर्ष नेताहरु वीपी बाहेक अरू सबै प्रसाईंको पक्षमा थिए। २०५१ सालमा भएको मध्यावधि निर्वाचनमा धनुषा ४ बाट निधि विजयी भएका थिए । कांग्रेसको आठौं महाधिवेशनमा केन्द्रीय सदस्य उठेका उनी पराजित भए । उनलाई भीमबहादुर तामाङले हराएका हुन् । तर, नवौं महाधिवेशनमा केन्द्रीय सदस्य भए। कांग्रेसको नवौं महाधिवेशन २०५३ सालमा भएको थियो ।

२०५६ सालको निर्वाचनमा उनी पराजित भए । २०५९ सालमा भने चुनाव जितेर आए र देउवाकै क्याबिनेटमा शिक्षामन्त्री बने। उनले पार्टी विभाजन हुँदा पनि देउवालाई साथ दिए । पहिलो र दोस्रो संविधानसभाको निर्वाचनमा निधि धनुषा तीनबाट निर्वाचित भए ।

दोस्रो चुनावमा उनले सरकारमा मन्त्रीको रूपमा प्रतिनिधित्व गर्ने मौका पाए । तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको सरकारमा निधि भौतिक योजना मन्त्री बने । त्यस्तै, नेकपाका अध्यक्ष प्रचण्ड प्रधानमन्त्री हुँदा पनि निधिले गृहमन्त्री चलाए ।

**सभापतिका आकांक्षीहरु**

कांग्रेसलाई यतिखेर महाधिवेशनको रन्कोले छोइसकेको छ। कांग्रेसका झण्डै एक दर्जन शीर्ष नेताहरु सभापति चुनिने दौडमा छन् । कांग्रेसमा खास गरी तीन वटा गुट छन् । देउवा समूह, वरिष्ठ नेता रामचन्द्र पौडेल समूह र पूर्व महामन्त्री कृष्ण प्रसाद सिटौला समूह । यी तीनै नेता फागुनमा हुने १४ औँ महाधिवेशनमार्फत सभापति बन्ने गरी तयारीमा जुटेका छन् । वरिष्ठ नेता पौडेल समूहका मात्रै आधादर्जन भन्दा धेरै नेता सभापतिको आकांक्षी छन् ।

उता, देउवा समूहमा भने देउवाले आँटे अरू कसैले उनको विरूद्ध उत्रिने आँट गर्ने गरेका छैनन् । तर यसपटक आ ँ नै समूहका निधिले सभापतिमा इच्छा देखाएपछि देउवा केही दबाबमा छन् । सिटौला समूहमा भने उनी आफैं उम्मेदवार बन्न अरू कसैले छेकबारे लगाउने देखिन्न ।

**थाहाखबरबाट**

## संक्रमित छौं ...

बाटो तिरहुतका समृद्ध हिन्दू राज्यको बारेमा सुनेर आक्रमण गरी मिथिलाको कर्णाटवंशीय हिन्दु राज्यको बारेमा सुनेर आक्रमण गरी मिथिलाको कर्णाटवंशीय हिन्दू राज्यलाई ध्वस्त पारेका थिए । वीरगंज क्यम्पसका उपप्राध्यापक शंकर कुमार उपाध्यायको 'सिमौन गढको इतिहास' मा उल्लेख भए अनुसार 'कर्णाट वंशको पतन पश्चात ३० वर्ष सम्म सुल्तानको बंगालको तुगलकाबादबाट सोझै शासन गरेका थिए । त्यसपछि तिरहुत क्षेत्रको जिम्मा कामेश्वर ठाकुरलाई दिइयो । पछि दक्षिण तर्फ ओइनवार वंशको र उत्तरतर्फ द्रोणवार वंशको शासन स्थपना भयो । ओइनवार वंशको राज्यलाई मिथिला क्षेत्र भनियो भने द्रोणवार वंशको राज्यलाई बनौली भनियो ।" पछि उत्तरतर्फ द्रोणवार वंशीय राज्य कायम भएको देखिन्छ । यी छुट्टा छुट्टै राज्यहरूका राजवंशहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१. मिथिलाका अइनवार वंशीय शासक शिवसिंह (गंगा उत्तर र बनौली दक्षिणका भाग)

२. महोत्तरीका शासक द्रोणवार वंशीय कृतिनारायण सिंह र (सीमाना कमला पश्चिम र गण्डकी माझको क्षेत्र)

३. सप्तरीका शासक द्रोणवंशीय गीडिनारायण पुरादित्य । (सीमाना कोशी र कमला माझको क्षेत्र)

यस प्रकारका तिनवटा राज्य वा राज्यवंशको अस्तित्व देखिए पनि दक्षिणका आइनवार वंशीय शासक शिवसिंह अलि सशक्त शासनका रूपमा देखिन्छ । जसलाई पञ्च गैंडाधिपति हिन्दू पतिको विशेषण लगाइएको पाइन्छ । डा. रामदेव झा द्वारा संकलित 'महोत्तरीको वंशावली' र राजा कृतिनारायण सिंहकी लालमहीद्वारा रचित 'हरिवंश' नामक ग्रन्थबाट महोत्तरीको छुट्टै राजवंशको पुष्टि हुन्छ । त्यसैगरी सप्तरीका द्रोणवार वंशीय राजाको सम्बन्धमा विभिन्न विद्वानहरूले विभिन्न विचार व्यक्त गरेका छन । इतिहासकार सुर्य विक्रम ज्ञवालीका अनुसार '...ती राज्यहरूमध्ये सप्तरीका द्रोणवार वंशीय राज्य पनि एक थियो ।' भारतीय विद्वान रमानाथ झाको 'पारिजात हरण' को भूमिकामा उल्लेख भए अनुसार सप्तरी प्रगन्ना नजिकै बनौली राज्य थियो, जहाँ मैथिली भाषाका कहाकवि विद्यापति बसेर आफ्नो कृति 'लिखनावली' तयार पारेका थिए ।' डा. दुर्गानाथ झा 'श्रीश' ले लेख अनुसार "विद्यापति आफ्नो प्रिय महाराज शिवसिंहकी पत्नीहरूसँगै पुरादित्यको आश्रयमा राज बनौलिमा बस्नुहुन्थ्यो । जहाँ उनले इ.सं. १४०८ मा 'लिखनावलिको रचना र ई. सं. १४१८ मा' भागवत हस्तलेख प्रतिलिपिको रचना गर्नुभएको थियो । रामवृक्ष बेनिपुरी द्वारा संकलित विद्यापति पदावलिमा सप्तरी धनछवार प्रगन्नाको बनौलीलाई नै महाकवि विद्यापतिको प्रवसस्थल र राजा पुरादित्यको राजधानी भनि लेखिएको छ । इतिहास शिरोमणि बाबुराम आचार्यका अनुसार मध्कालमा मध्य सप्तरीमा दनुवार जातिहरु धेरै संख्यामा शक्तिशाली स्थितिमा थिए । माथिल्ला विद्वानहरूका अभिव्यक्तिहरूबाट के कुरा प्रष्ट हन्छ मैथिली कर्णाट राज्यको पतनको लगभग ७०/८० वर्ष पछि द्रोणवार वंशीय बनौली सप्तरीमा निकै शक्तिशाली भएका थिए । जसको पुष्टि डा. उपेन्द्र ठाकुरले 'मिथिलाका इतिहास' मै विद्यापतिको खिनावलीको निम्न श्लोक उल्लेख गरेबाट हुन्छ । जसमा सप्तरी जनपदको द्रोणवार राजा पराद्वित्यले अर्जुनलाई हराएको कुरा उल्लेख छ ।

'जित्वा शत्रुकुल तदिय वसुभिर्यै नार्थिन स्तर्पिता । दोर्छार्वार्जित सप्तरी जनपदे राज्य स्थितिः कारीता ॥ सङ्ग्रमे र्जुनः भूपति निहितो बन्धौ नृशंसायिता । स्तेनेयं लिखनावली नृप पुरादित्यन निर्मापिता ॥

यस प्रकार कर्णाट राज्यको अवशेष माथि निर्माण भएको महोत्तरी, सप्तरी । र ओइनवार वंशीय मिथिला राज्यहरु मध्ये सप्तरी (बनौली) राज्यको छुट्टै महत्व देखिन्छ । जहाँको राजा पुरादित्यसंग शिवसिंहको मैत्री सम्बन्ध भएकोले जौनपुरका मुसलमानी बादशाह इब्राहिम शाहसँगको युद्धको बेला आफनी रानीलाई महाकवि विद्यापतिको साथमा पुरादित्यको आश्रयमा पठाएका थिए ।आश्रित महाकविले यही प्रवासको बेला सन् १४०८ मा रचना गर्नुभएको लिखनावली हाल डा. इन्द्र कान्त झा द्वारा सम्पादित भई मैथिली अकादमी पटनाबाट प्रकाशित भएका छन् भने सन् १४१८ मा रचना गर्नु भएको श्री मदभागवत हस्तलिखित प्रतिलिपी' दरभंगा राज पस्तकालय (वर्तमान दरभंगा संस्कृत विश्वविद्यालय) मा सुरक्षित छ । १२ वर्ष सम्म पनि राजा शिवसिंह युद्धबाट फर्केर नआएपछि रानी लखिमाले कुशको प्रतिमा बनाएर सति गएपछि महाकवि विद्यापति पुरादित्यको आश्रय छोडी अन्यत्र लागे ।

**उपसंहार** डा. जयकान्त मिश्र, पं सुन्दर झा 'शास्त्री' प्रध्यापक नमोनारायण झा आदि विद्वानहरुले ऐतिहासिक स्रोतहरूमा उल्लेखित कोशी र कमला बीचको दनुवार वस्ती भएको क्षेत्रमा राजाबनौलीको खाजी गर्दा वि. सं. २०५० सालमा राजागढ (राजागृह), ठाकुरगढ (विद्यापति गृह),धनगढी (धनसार), लाटी बौकी गढ (शोकाकुल रानी लखिमाको सति स्थल), बमभोला पोखरी, पहाड देखि विहारको गंगासम्म गएको ऐतिहासिक सडकमार्ग सहितको राजबनौली सिरहा जिल्लामा फेलापारी सोही वर्षको मंसिर १ गते विद्यापति समारोह मनाई छपराडी चोकमा विद्यापति स्थलको शिलान्यास गरी हाल डा. जयकान्त मिश्रद्वारा प्रदान गरिएको विद्यापतिको प्रतिमा सो स्थलमा स्थपित भई २०५९ सालमा तत्कालीन उप-प्रधानमन्त्री बद्री प्रसाद मण्डल द्वारा अनावरण समेत भैसकेको छ । यसै सन्दर्भ २०५९ साल चैत्र २२,२३,२४ गते नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलादीको संस्कृति विभागद्वारा तीन दिन गोष्ठी समेत सम्पन्न भैसकेको छ । अतः ऐतिहासिक वस्तुहरु, भौगोलिक अवस्थिति र ऐतिहासिक ग्रन्थहरूको आधारमा पुरादित्यको राजधानी र विद्यापति एवं रानी लखिमाको प्रवास स्थल बनौली अब आफ्ना सबुत प्रमाणहरु समेत हाम्रो सामु आइसकेको छ । आवश्यकता छ हामीले यसलाई स्वीकार गरी यसका ऐतिहासिक वस्तुलाई संरक्षण गरी पर्यटकिय स्थलको रूपमा विकास गर्ने ।

**१. तारानन्द मिश्र -विदेह - मिथिला देश र यसको मध्यकालीन राजधानी सिम्रौन गढको इतिहास कार्यपत्र । २. ऐजन ।**
**३ सुर्य वित्रmम ज्ञवाली- इतिहासका कुरा ।**
**४ डा. रमानाथ झा - पारिजात हरण**

## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ)एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

## धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

# मुलुकी संहिता दोस्रो वर्ष र यसको प्रभावकारिता

## पालिका बहस

### अधिवक्ता सन्तोष सुवेदी




वेलायत भ्रमण गर्दाको अवस्थामा त्यहाँको 'नेपोलियन कोड' बाट तत्कालिन नेपालका प्रधानमन्त्री जंगबहादुर राणा निकै प्रभावित भएका थिए । कोतपर्वपछि जहाँनिया शासनको सुरूवात गरेका जंगबहादुरले नेपालमा पनि केही नयाँ कुरा दिनुपर्छ भनेर भित्रभित्रै योजना बनाइरहेका थिए । त्यही क्रममा उनलाई बेलायत भ्रमण गर्ने साइत जुर्‍यो ।

राजा महाराजा र प्रधानमन्त्री लगायतको हुकुमबाट बन्ने कानुन विद्यमान रहेको त्यो अवस्थामा बेलायतबाट फर्केपछि जंगबहादुरले पहिलो पटक लीपिबद्ध कानुन जारी गरे जसलाई मुलुकी ऐन १९१० भनियो । वि. सं. १९१० मा जारी भएकोले उक्त ऐनलाई मुलुकी ऐन १९१० भनेर नामाकरण गरिएको थियो । राणा शासनताकाका प्रचलित धर्म, परम्परा, प्रथा, प्रचलन र रीतिथितिलाई आधार बनाएर निर्माण गरिएको मुलुकी ऐन १६५ वर्षसम्म कायम रह्यो । यो ऐन २०२० सालमा 'मुलुकी ऐन २०२०' को रूपमा संशोधन भयो ।

अदालती कार्यविधिदेखि प्रहरीले अपनाउनुपर्ने अनुसन्धान पद्धति र दण्ड सजाय समेतको व्यवस्था भएको मुलुकी ऐन राज्यको संविधानपछिको मूल कानुनको रूपमा स्थापित हुँदै गयो । मुलुकी ऐन २०२० मै फौजदारी र देवानी तथा त्यसका कार्यविधि समेत रहेकाले अहिलेको बद्लिदो युगमा त्यसलाई समेत अपूर्ण मानिन थालियो । फलस्वरूप कैयौं थप कानुनहरू निर्माण हुँदै गए । मुलुकमा प्रजातन्त्रको पुनर्स्थापना हुँदै गणतान्त्रिक व्यवस्था लागू हुँदा शासन पद्धतिलाई व्यवस्थित रूपले सञ्चालन गर्न विधायकले विशिष्ट कानुनहरूको महसुस गर्न थाले । यो अवस्थामा फौजदारी कसूर हेर्ने छुट्टै कानुन र देवानी कानुन हेर्ने छुट्टै र त्यसलाई कार्यान्वयनमा ल्याउने कार्यविधि कानुनको आवश्यकता समेत महसुस गर्न थालियो । विधायकको यही महसुस पछि आवश्यकताको रूपमा देखा पर्‍यो । यही आवश्यकतालाई बोध गर्दै विधायकले मुलुकी ऐनलाई प्रतिस्थापन गरी २०७५ सालको भदौ १ गतेदेखि नयाँ मुलुकी संहिता जारी गर्‍यो । यद्यपी त्यो संहिता २०७४ साल असोज ३० गते प्रमाणिकरण भएको हो । मुलुकी देवानी संहिता निर्माणका लागि सरकारले पूर्व प्रधानन्यायाधीश खिलराज रेग्मीको संयोजकत्वमा एक कार्यदल गठन गरेको थियो । सोही कार्यदलले तयार गरेको मस्यौदा विस्तृत छलफलपछि संसदले २०७४ साल भदौमा पारित गरेको थियो । न्यायमूर्तिको संयोजकत्वमा निर्माण भएकोले पनि यसलाई ञ्गमनभ ञ्बमभ बिध भन्ने गरिन्छ ।

२०७४ सालमा प्रमाणिकरण भएको संहितामा मुख्य रूपमा पाँच वटा कानुनहरू छन् । मुलुकी अपराध संहिता, २०७४, मुलुकी देवानी संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ र मुलुकी देवानी कार्यविधि संहिता २०७४ गरी मुलुकी संहितालाई पाँच खण्डमा विभाजन गरिएको छ जसलाई बोलीचालीको भाषामा एकीकृत रूपमा मुलुकी संहिता पनि भन्ने गरिएको हो ।

मुलुकी संहिता कार्यान्वयन भएको पनि पनि दुई वर्ष नाघिसक्यो । यस अवसरमा न्यायमूर्तिदेखि कानुन व्यवसायी समेतले एकअर्कालाई शुभकामना व्यक्त समेत आदानप्रदान गरिसकेका छन् । यी संहिताहरूमध्ये मुलुकी देवानी संहिता नेपालको अहिलेसम्मकै सबैभन्दा लामो कानुनी किताबको रूपमा रहेको छ । यो संहितामा ६ भाग, ५२ परिच्छेद र ७२१ दफा रहेका छन् । छरिएर रहेका ३१ कानुनको खारेज र ३६ कानुनलाई एकीकृत गरी यो संहिता तर्जुमा गरिएको हो । मुलुकी देवानी र फौजदारी कानुन निर्माण गर्दा ६० प्रतिशत मुलुकी ऐन, २० प्रतिशत अदालतले प्रतिपादन गरेका नजिर र २० प्रतिशत अन्तर्राष्ट्रिय कानुनलाई आधार बनाइएको छ । यसलाई अर्को शब्दमा भन्ने हो भने मुलुकी संहिता छरिएर रहेका प्रचलित कानुनहरूको एकीकृत रूप हो जुन नागरिकले बुझ्ने सरल भाषामा लेखिएको छ । देवानी कानुनमा व्यक्तिलाई प्राकृतिक र कानुनी व्यक्तिको दर्जा दिइएको छ । यसमा पारिवारिक, सम्पत्ति, करार र निजी अन्तर्राष्ट्रिय कानुनबारे छुट्टाछुट्टै व्यवस्थाहरू रहेका छन् । साविकको मुलुकी ऐनका केही व्यवस्थाहरू परम्परागत थिए । अहिलेको देवानी संहिता नेपाली समाजको विकाससँगै आधुनिक रूपमा आएको छ ।

मुलुकी ऐन ज्यादा जसो रूपमा हिन्दु धर्ममा आधारित थियो भने अहिलेको मुलुकी संहिता अन्तर्राष्ट्रिय कानुन, सन्धि/सम्झौता, सर्वोच्च अदालतको नजिरलाई आधार बनाएर निर्माण गरिएको छ । पहिलेको मुलुकी ऐनको भाषा कठिन थियो जसलाई आधुनिक शिक्षा पद्धतिका विद्यार्थीहरूको लागि बुझ्न कठिन थियो तर अहिलेको संहिताका भाषा सरल भएकाले सबैले पढ्न र बुझ्न सक्छन् । त्यसका लागि सरकारले गाउँ-गाउँमा सचेतना अभियान समेत चलाइरहेको छ । यसै अभियान स्वरूप बेलाबेलामा प्रत्येक स्थानीय तहको संयोजन र सहकार्यमा जिल्ला अदालतका न्यायाधीशहरू सर्वसाधारणसँग प्रत्यक्ष अन्तरक्रियामा सहभागी भएको देखिन्छ ।

मुलुकी संहिताभित्र रहेका देवानी प्रकृतिका कतिपय मुद्दाहरूको किनारा लगाउने र मिलापत्रको पहल गर्ने अधिकार स्थानीय तहको न्यायिक समितिलाई समेत दिइएको छ । न्यायिक समितिले त्यस्ता विवादहरूको किनारा लगाए वा मिलापत्र गराए अदालतमा मुद्दाको चाप कमजोर हुने विश्वासका साथ विधायकले यस्तो व्यवस्था गरेको हो । यद्दपि न्यायिक समितिले किनारा वा मिलापत्र गराएको मुद्दामा समेत पुनरावेदनका लागि जिल्ला अदालतमा जाने व्यवस्था छ ।

मुलुकी देवानी संहितामा धेरै नयाँ व्यवस्थाहरू छन् । यो संहितामा पहिलो पटक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन र अभ्यासलाई समेटिएको छ । पहिलो पटक देवानी कानुनमा गकानुन विपरीतका प्रथा तथा परम्पराले मान्यता नपाउने जस्ता व्यवस्था गरिएका छन् ।

मुलुकी संहिताको अर्को पाटोको रूपमा अपराध गर्दाको अवस्थामा स्थापित हुने कसूर, फौजदारी मुद्दामा गर्नुपर्ने अनुसन्धान पद्धति र कसूर हुँदा निर्धारण तथा कार्यान्वयन गरिने सजाय पद्धति हो । विकसित रूपमा मुलुकी अपराध संहिता अन्तर्राष्ट्रिय फौजदारी न्याय प्रणालीमा आधारित छ ।

## हामीलाई बदनाम...

छन् । उनले इलाका प्रहरी कार्यालय लहानका डिएसपी शरत थापा क्षेत्री, इन्सपेक्टर सुवास खतिवडा, सगेन चौधरी, अनिल चौधरी र कन्चन चौधरीलाई विपक्षी बनाएको छ । साउन २७ गते सर्वोच्चले जारी गरेको आदेशमा १५ दिनभित्र विपक्षीहरूलाई लिखित जवाफ पेश गर्न भनिएको छ ।

डिएसपी थापाले चैधरी र झाको आपसी विवादमा आफूले कुनै किसिमको दबाब नदिएको बताएका छन् । उनका अनुसार प्रहरीमा झा विरूद्ध जाहेरी परेपछि उनलाई प्रहरीमा सोधपुछको लागि बोलाइएको थियो । यता, जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता तथा डिएसपी विनोद घिमिरेको नेतृत्वमा छानबीन समिति गठन भएको छ । छानबीन भइरहेको डिएसपी घिमिरेले जानकारी गराए ।

## सयौं जना...

अध्यक्ष प्रविन यादव, उपाध्यक्ष निशान्त चौधरी, कोषाध्यक्ष रूपेश साह, सचिव जय चौधरी र सदस्यहरुमा कृष्णकुमार साहलगायत व्यक्तिहरु चयन भएका छन् ।

पार्टी प्रवेश कार्यक्रममा नेपाली कांग्रेस सिरहा सभापति रामचन्द्र यादव, उपसभापति विष्ण साह बनियाँ, जिल्ला सदस्य महेश चौधरी, नेपाल महिला संघकी केन्द्रिय सदस्य संगिता कर्माचार्य, नगरसभापति सुनिल महतो, नेपाल मुस्लिम संघको केन्द्रिय सदस्य अब्दुल करिमको उपस्थिती थियो ।

वडाका कार्यवाहक सभापति रामवृक्ष अध्यक्षतामा भएको कार्यक्रममा वक्ताहरुले स्थानीयदेखि केन्द्रिय सरकारको गलत कामको बारेमा युवाहरूले आवाज उठाउनु पर्ने बताएको थियो । अहिले सरकार विभिन्न काण्डहरु गरिरहेका रहेका छन त्यस गलत प्रवृतिको विरोध गर्नुपर्ने उनीहरुको भनाई थियो । कोरोना रोकथाम तथा नियन्त्रणको नाममा सिरहा स्थानीय तहहरूले मनपरी खर्च गरेको छ । सबै पालिकामा रहेका कांग्रेसका युवाहरूले हरहिसाब सार्वजानिक गर्न लगाउनुपर्ने वक्ताहरूले बताए ।

## कोरोना संक्रमण ...

संक्रमितको मृत्यु भएको छ । धनुषाको धनौजी गाउँपालिका ३ का ६५ वर्षीय बृद्ध र रौतहटको गौर नगरपालिका २ का ३२ वर्षीय कोरोन संक्रमित युवकको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

योसँगै प्रदेशमा कोरोना संक्रमण पुष्टि भएर मृत्यु हुनेको संख्या ४७ पुगेको छ । कोरोना संक्रमणबाट सबैभन्दा बढी पर्सामा २१ जनाको मृत्यु भएको छ । यसैगरी धनुषामा ९, बारामा ६, सप्तरी र रौतहटमा ३/३ जना, सिरहा तथा महोत्तरीमा २२२ जना र सर्लाहीमा १ जनाको कोरोना संक्रमणबाट मृत्यु भएको मन्त्रालयले जानकारी दिएको छ ।

सोमबारसम्म प्रदेशमा ३ हजार ७ सय ४२ जना कोरोना संक्रमित निको भएर डिस्जार्च भएका छन् ।

## जग्गा पास ...

यसका लागि कानुनहरु संशोधन गर्न भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सचिवको संयोजकत्वमा समिति गठन भएको छ ।

त्यो समितिको प्रतिवेदन अनुसार मालपोत ऐन संशोधन हुने पौडेलले बताए । 'ऐन संशोधन भएलगत्तै जग्गा सम्बन्धी सबै कारोबार स्थानीय तहबाटै हुनेछ', पौडेलले भने । संविधानले जग्गा प्रशासन सम्बन्धी कामहरु स्थानीय तहबाटै हुने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐनमा पनि यस्तै व्यवस्था भएकाले अधिकार हस्तान्तरणको तयारी भइरहेको महानिर्देशक पौडेलले बताए ।

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा पनि समेटिएको यो कामको तयारीमा कोरोना माहामारीका कारण केही समस्या भएको उनले बताए । स्थानीय तहका कर्मचारीलाई पालैपालो बोलाएर मालपोत सम्बन्धी तालिम दिने काम शुरू भइसकेको जानकारी उनले दिए ।

उनका अनुसार, मालपोत सम्बन्धी अधिकार स्थानीय तहमा गएपछि मालपोत कार्यालयहरूले भूमी सुधार (अभिलेख व्यवस्थापन) को काम मात्र गर्ने छन् ।

काठमाडौं महानगरपालिका-१४ का वडाध्यक्ष शोभा सापकोटाले मालपोत विभागले भनेपछि वडाका दुई कर्मचारी तालिममा गएको बताइन् । वडाबाट लालपुर्जा जारी गर्ने सम्बन्धी अन्य तयारी भने कोरोना महामारीका कारण प्रभावित भएको उनले बताइन् ।

**रोक्का-फुकुवा इमेलबाटै**

मालपोत विभागका महानिर्देशक पौडेल जग्गा रोक्का वा फुकुवामा पनि बैंक र उसका ग्राहकबीचको साक्षी मालपोत कार्यालय बस्नु नपर्ने बताउँछन् ।

'जग्गाधनी र बैंकबीचको कारोबारमा दुवै पक्ष मालपोत आउनु पर्ने व्यवस्था अब रहँदैन', उनले भने, 'अब सबै काम बैंकले गरेर तिर्नुरबुझाउनु पर्ने दस्तुर, मालपोतको खातामा जम्मा गरेको भौचर लगायतका कागजातसहित आधिकारिक इमेल पठाएपछि मालपोतले जग्गा रोक्का गरिदिन्छ ।'

यस किसिमको कामका लागि पहिलो चरणमा कर्मचारी सञ्चय कोषसँग सम्झौता गर्न लागेको पौडेलले बताए । त्यसपछि बैंकहरूसँग यो काम हुने उनले बताए । यो व्यवस्था लागु भएपछि मालपोत कार्यालयहरूमा आधा भिड घट्ने महानिर्देशक पौडेलको विश्वास छ ।

**कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**सखुवानन्कारकट्टि गाउँपालिका कार्यालय, सिरहा**

**छोराछोरीलाई समान शिक्षा दिऊ । जनहितमा जारी लहानपोस्ट्**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)